# नेपाल नागरिक उड्डयन प्राधिकरण

**नेपालगञ्ज नागरिक उड्डयन कार्यालय**

नेपालगञ्ज, बाँके।

सम्पर्क नं. ०८१-५६५२०५

# कोठा बहाल (शटर बहाल) सम्बन्धी बोलपत्र आव्हानको सूचना (सूचना नं. ३/०७८/७९)

प्रथम पटक प्रकाशित मितिः २०७९/३/२७

यस नेपालगञ्ज विमानस्थलको मुल गेट परिसर क्षेत्रमा जम्मा २४३.२५ वर्ग मिटर (एकमुष्ट) क्षेत्रफल भएका ११ थान शटरहरु व्यावसायिक प्रयोजनका लागि ठेक्का प्रथा द्धारा बहालमा दिइने भएकाले निम्न ठेक्का अंङ्कमा नघट्ने गरि तपसिल अनुसारका शर्तहरुको अधिनमा रही काम गर्न नियमानुसार दर्ता भै कारोवारको इजाजत प्राप्त इच्छुक व्यक्ति/संस्था/कम्पनी/फर्महरुबाट रित पुर्वकको बोलपत्र आव्हान गरिन्छ।

**शर्तहरु :**

१. ठेक्का सुरु हुने मिति तथा ठेक्का अवधिः २०७९ असोज १ देखि २०८४ भाद्र मसान्त सम्म (ठेक्का अवधि ५ वर्ष)

२. ठेक्काको न्यूनतम कबोल अंङ्क रकमः रु.६६,५४,८८२।१५ (अक्षरेपी छैसठ्ठी लाख चौवन्न हजार आठसय बयासी रुपैया पन्ध्र पैसा (मु.अ.कर नलाग्ने)।

३. सूचना प्रकाशित भएको मितिले १५औं दिन अर्थात २०७९ साउन ९ गते कार्यालय समय भित्र नगद रु.३,३९० (रु.तीन हजार तीन सय नब्बे मात्र) पछि फिर्ता नहुने गरी श्री सिदार्थ बैंक नेपालगञ्ज शाखा स्थित यस कार्यालयको खाता नं. ०१५१५०८०४७५ मा जम्मा गरी कार्यालयको राजस्व शाखाबाट बोलपत्र सम्बन्धि कागजात खरिद गरी सोह्रौं दिन अर्थात २०७९ साउन १० गतेको अपरान्ह १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ।

४. कार्यालयमा प्राप्त बोलपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात २०७९ साउन १० गते अपरान्ह २:०० बजे बोलपत्रदाता वा नीजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। बोलपत्रदाता वा नीजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. बोलपत्र दाखिला र खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्य कार्यालय खुलेको पहिलो दिन सोही समयानुसार हुनेछ

६. बहाल कार्य ठेक्कामा संञ्चालन गर्न ईच्छुक बोलपत्रदाताले कूल कबोल अंङ्कको ५% ले हुन आउने रकम श्री सिदार्थ बैंक लिमिटेड नेपालगञ्ज शाखा स्थित यस कार्यालयको धरौटी खाता नं ०१५१५०८०४४३ मा जम्मा गरेको बैक भौचर वा श्री नेपाल राष्ट्र बैंकबाट (क) वर्गको मान्यता प्राप्त कुनै बाणिज्य बैंकबाट यस कार्यालयका नाममा जारी भएको बोलपत्र खोलिने मितिले १२० दिन भन्दा बढी अवधि म्याद भएको बैंक जमानत बोलपत्र साथ पेश गर्नु पर्नेछ।

७. नेपाल नागरिक उड्डयन प्राधिकरण तथा मातहतका विमानस्थल कार्यालयलाई विगत र वर्तमान समयमा बुझाउनुपर्ने रकम बाँकि वक्यौता भएका व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरु लाई बोलपत्र कागजात खरिद प्रकृयामा सहभागी गराईने छैन।

८. स्वीकृत बोलपत्रदाताले कबोल रकम भुक्तानी गर्ने प्रकृया, छुट तथा तोकिएको समयमा रकम भुक्तानी नगरेमा हुने जरिवाना र बिलम्ब सम्बन्धि व्यवस्था लगायत अन्य शर्तहरु बोलपत्र सम्बन्धि कागजात, तथा नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सेवा शुल्क नियमावली, २०७८ बमोजिम हुनेछ।

९. बोलपत्र फाराम खरीद गर्दा संस्था/फर्म दर्ता प्रमाण पत्र (नविकरण समेत) कर दर्ता प्रमाण पत्र, (नविकरण समेत) मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७।७८ को कर चुक्ता प्रमाण पत्र र ठेक्का प्रकृयामा भागलिन अयोग्य नभएको स्व घोषणा समेत पेश गर्नु पर्नेछ।

१०. बोलपत्र फाराममा अंङ्क र अक्षरमा दररेट रकम स्पष्ट संग बुझिने गरी भरेर शिलवन्दी गरी बुझाउनु पर्नेछ। अंङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइने छ। रित नपुगेको वा म्याद नाघी आएको वा शर्त राखी पेश गरेको बोलकवोल पत्र माथि कुनै कारवाही गरिने छैन।

११. स्वीकृत बोलपत्र दाताले कवोल अंङ्कको २५ प्रतिशतले हुन आउने कार्यसम्पादन जमानत रकम श्री सिदार्थ बैंक लिमिटेड नेपालगञ्ज स्थित यस कार्यालयको चल्ती खाता ०१५१५०८०४४३ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त बाणिज्य बैंक बाट यस कार्यालयका नाममा जारी भएको सम्झौता/कबुलियतको अवधि भन्दा ६ महिना बढी म्याद भएको बैंक जमानत पेश गरी सम्झौता गर्न आउनु पर्नेछ।

१२. यस सूचनामा नपरेका अन्यकुराहरु नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सेवा शुल्क नियमावली, २०७८ र प्रचलित ऐन, नियम, कानून संशोधन वा लागू भएमा सोही बमोजिम हुनेछ।

१३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहने छ। साथै ठेक्का सम्बन्धमा कुनै विबाद उत्पन्न भएमा कार्यालयको निर्णय नै अन्तिम निर्णय हुनेछ।

१४. कवोल रकम एकमुष्ट वा विभिन्न किस्तामा बांडिने र प्रथम किस्ता अग्रीम रुपमा बुझाए पछि मात्र बहाल सम्झौता गरिने छ। साथै सम्झौतामा उल्लिखित बहाल रकममा प्रत्येक वर्ष नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मुल्यवृद्धि सूचकाङ्कको अनुपातमा स्वतः वृद्धि हुनेछ र सो रकम समेत बहालकर्ताले अनिवार्य बुझाउनुपनेछ।

१५. बोलपत्र सम्बन्धि सूचना कार्यालयको सूचना पाटी तथा website: https://airport.caanepal.gov.np/nepalgunj/ मा राखिएको छ।